# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल


तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शाखा, मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

मिति : २०७६।६।१७

## सूचना !!

तिलोत्तमा नगरपालिकाले नगरबासीमा नगरको पहिचान, नगरप्रति प्रेम र सद्भाव बढाउन तिलोत्तमा नगर गीत तयार गरी यही असोज ९ गते **"तिलोत्तमा लगानी सम्मेलन-२०७६"** अवसर पारी सार्वजनिक गरिएको व्यहोरा सम्पूर्ण नगरबासीमा जानकारी गराउँदै नगरभित्र संचालन तथा आयोजना हुने सम्पूर्ण सार्वजनिक कार्यक्रममा राष्ट्रगानपछि नगर गीत बजाउनुहुन अनुरोध छ । साथै, तिलोत्तमा नगर गीत नगरपालिकाको सूचना प्रविधि शाखा र वडा कार्यालय (सबै) बाट उपलब्ध गराउने व्यवस्था मिलाइएको व्यहोरा सम्बद्ध सबैमा जानकारी गराउँछौं ।

### तिलोत्तमा नगर गीत

यो माटो छुँदा गर्व होस्  
समृद्धिको सधैं पर्व होस्  
हाम्रै सत्कर्मले बन्छ स्वर्ग यो तिलोत्तमा  
स्वच्छ सफा हराभरा नगर तिलोत्तमा

सोह्र छत्तीस ऊर्वर भूमि बुद्ध डुल्ने ग्राम  
प्रकृतिका उपवन मन्दिर, गुम्बा, धाम  
उद्योग, व्यापार, पर्यटन गरी उन्नत खेती  
लगानीका क्षेत्र धेरै बढ्दो समुन्नति

भाषा, धर्म, भेष अनेक सनातन रीति  
हिमाल, पहाड, तराईका थरीथरी जाति

स्वाभिमानी छाती हाम्रो जाँगर पाखुरीमा  
जीवनधारा चलाउँछन् रोहिणी तिलोत्तमा  
जय होस् तिलोत्तमा ।

**प्रदीप खनाल**  
अधिकृत स्तर (सातौं)